# स्थानीय राजपत्र

ईन्द्रावती गाउँपालिका द्धारा प्रकाशित

खण्ड ६) नवलपुर, सिन्धुपाल्चोक, पुष ७ गते, २०७९ साल (संख्या १३

## भाग २

### स्थानीय सरकार

# ईन्द्रावती गाउँपालिका

### नवलपुर, सिन्धुपाल्चोक, बागमती प्रदेश, नेपाल

ईन्द्रावती गाउँपालिका गाउँकार्यपालिकाको कार्यालयको सूचना

ईन्द्रावती गाउँ कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## ईन्द्रावती ग्रामिण आँखा केन्द्र सञ्चालन कार्यविधि, २०७९

# ईन्द्रावती ग्रामीण आँखा केन्द्र सञ्चालन कार्यविधि, २०७९

**प्रस्तावना**

गाउँपालिकामा आँखा स्वास्थ्य सेवा संचालनको लागि ईन्द्रावती गाँउपालिका, सिन्धुपाल्चोक र नेपाल आँखा कार्यक्रम, तिलगंगा आँखा प्रतिष्ठान, काठमाण्डौं र जिल्ला सामुदायिक आँखा केन्द्र, सिन्धुपाल्चोक द्धारा सञ्चालनका लागि ईन्द्रावती ग्रामिण आँखा केन्द्र सञ्चालन तथा ब्यवस्थापन कार्यविधि ईन्द्रवाती गाउँपालिकाको १४ औ गाउँकार्यपालिकाको वैठकले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ वमोजिम पारित गरियो ।

**१. संस्थाको नामः** संस्थाको नाम "ईन्द्रावती ग्रामिण आँखा केन्द्र रहनेछ ।

**२. स्थानः** यस ग्रामिण आँखा केन्द्र ईन्द्रावती गाँउपालिका वडा नं: ४ नवलपुरमा रहने छ ।

**३. उद्देश्यः** यस केन्द्रले सर्वसाधारण जनताको पहुँचमा पुग्न सक्ने गरी आँखा सेवा प्रदान गर्नेछ ।

**४. कार्यक्षेत्रः** यस केन्द्रको कार्यक्षेत्र सम्बन्धित गाउँपालिका भित्रका सबै वडाहरुमा आँखा सेवा सञ्चालन गर्न सक्नेछ ।

**५.आधिकारिकताः** यस केन्द्रको कानुनी रुपमा ईन्द्रावती गाँउपालिका, सिन्धुपाल्चोक र नेपाल आँखा कार्यक्रम तिलगंगा आँखा प्रतिष्ठान, जिल्ला सामुदायिक आँखा केन्द्र, सिन्धुपाल्चोकको सहकार्यमा सञ्चालन भएको मानिनेछ र यसको आफ्नै छाप र लेटरप्याडको साथै आर्थिक कारोवार गर्ने अधिकार हुनेछ ।

**६. आँखा केन्द्र सञ्चालन तथा व्यवस्थापन समितिको गठन :**

यस केन्द्र सञ्चालनको लागि ईन्द्रावती गाँउपालिका अध्यक्ष ९ सदस्यीय सञ्चालन तथा व्यवस्थापन समिति गठन गरिनेछ । उक्त समिति देहाय बमोजिमको हुने छ :

१. अध्यक्ष : गाउँपालिका अध्यक्ष – १
२. सदस्य : स्वास्थ्य शाखा प्रमुख/प्रतिनिधि – १
३. सदस्य : सम्वन्धित वडाको वडा अध्यक्ष्य – १
४. सदस्य : अस्पताल प्रमुख (नवलपुर प्राथमीक अस्पताल) – १
५. सदस्य : ने.रे.सो. उपशाखा, ईन्द्रावती गाँउपालिका – १
६. सदस्य : गाँउपालिकाको अध्यक्षले मनोन्वय गरेका
महिला समाज सेवी मध्येबाट – २
७. सदस्य : इन्चार्ज समुदायिक आँखा केन्द्र, सिन्धुपाल्चोक – १
८. सदस्य सचिव : इन्चार्ज समुदायिक आँखा केन्द्र,

(नवलपुर प्राथमीक अस्पताल) – १

**सल्लाहकारहरुः** यस आँखा केन्द्रको सल्लाहकारहरु तपशिल अनुसार हुनेछन् ।

१. अध्यक्ष, जिल्ला सामुदायिक आँखा केन्द्र, सिन्धुपाल्चोक – १
२. प्रतिनिधि, बाह्य कार्यक्रम विभाग, तिलगंगा आँखा प्रतिष्ठान – १
३. कार्यपालिकाले मनोन्वय गरेको – २

**७. सञ्चालन समितिको काम कर्तब्य र अधिकार :**

यस समितिको काम कर्तब्य र अधिकारहरु तपशिल अनुसार हुने छ :-

क. आँखा केन्द्र सञ्चालनको लागि नवलपुर प्राथमीक अस्पतालको भवनमा २ वटा कोठाको ब्यवस्था गर्ने ।

ख. प्रचलित ऐन नियमको अधिनमा रहि केन्द्रमा कार्यरत जनशक्तिहरुको नियुक्ति, सेवा सुविधा निर्धारण र परिचालन गर्ने ।

ग. केन्द्रको आर्थिक कारोवार गर्ने साथै यस सम्बन्धमा नेपाल सरकारले तोकेको ऐन, नियम, नीति निर्देशन लगायत कानुनी दायित्वको बहन गर्ने ।

घ. आन्तरिक तथा बाह्य स्रोतबाट संकलित रकमबाट केन्द्र सञ्चालन गर्ने ।

ङ. केन्द्रमा आवश्यक पर्ने उपकरण, चश्मा तथा औषधीको लागि सामुदायिक आँखा केन्द्रसंग समन्वय गरि खरिद गर्ने ।

च. केन्द्रबाट सञ्चालन हुने कार्यक्रमहरुको निर्माण, सञ्चालन, अनुगमन तथा मूल्यांकन गर्ने ।

छ. केन्द्रको आत्मनिरर्भताको लागि आवश्यक भौतिक पूर्वाधार, केन्द्र तथा कार्यरत कर्मचारीहरुको बृद्धि विकासको लागि श्रोत तथा साधनहरुको ब्यवस्था गर्ने ।

ज. तिलगँगा आँखा प्रतिष्ठानको सामुदायिक आँखा केन्द्र र जिल्लाभित्र रहेका सम्वन्धित कार्यालय तथा स्वास्थ्य संस्थाहरुमा आँखा स्वास्थ्य सेवा सुधार गर्न आवश्यक समन्वय गर्ने ।

झ. केन्द्र सञ्चालनमा आएको बाधा अड्चन फुकाउने

ञ. आँखा केन्द्रको दैनिक प्रशासनिक, प्राविधिक, आर्थिक कार्यको अनुगमन तथा मुल्याङकन गर्ने

ट. केन्द्रमा भए गरेका प्रगति विबरण मासिक रुपमा सामुदायिक आँखा केन्द्र र सरोकारवाला निकायमा पठाउने

ठ. केन्द्रको आय ब्ययको वार्षिक लेखा परिक्षण गरि उक्त लेखापरिक्षणबाट प्राप्त प्रतिवेदनमा छलफल गरि आवश्यक सबै सरोकारवाला निकायहरुमा पठाउने ।

ड. केन्द्र अनुगमन तथा मुल्याङकन बापत नेपाल आँखा कार्यक्रम, तिलगँगा आँखा प्रतिष्ठान, सामुदायिक आँखा केन्द, सिन्धुपाल्चोकलाई बार्षिक रुपमा कुल आम्दानीको ५ देखि ७ प्रतिशत रकम प्रदान गर्ने ।

ढ. आवश्यकता अनुसार समिति तथा सल्लाकारहरुको बैठक बोलाउने र भएका प्रगति विवरण तिलगंगा आँखा प्रतिष्ठानको बाह्य कार्यक्रम विभागमा पठाउने

**८. ईन्द्रावती गाउँपालिकाको काम कर्तब्य र अधिकारः** गाउँपालिकाको कार्यक्षेत्रहरु तपशिल अनुसारको रहने छ :

क. प्रचलित ऐन नियम अनुसार केन्द्र सञ्चालनको लागि आवश्यक कर्मचारीको ब्यवस्था गर्ने ।

ख. केन्द्र सञ्चालन खर्चको ब्यवस्था गर्ने ।

ग. केन्द्रको सेवा तथा कर्मचारीहरुको स्तर वृद्धिको लागि आवश्यक सहजिकरण गर्ने ।

घ. कार्यक्रमको निरीक्षण, अनुगमन तथा मूल्याङकन गर्ने ।

ङ. ईन्द्रावती गाँउपालिका भित्र रहेका १८ वर्ष मुनिका बालबालिका, ६० वर्ष भन्दा माथिका बृद्ध, बृद्धा, एकल महिला तथा विपन्नलाई आँखा सेवाको लागि आवश्यक बजेटको ब्यवस्था गर्ने

च. आँखा केन्द्रमा नेपाल सरकारको स्वास्थ्य विमा कार्यक्रम लागू गर्ने

**९.नेपाल आँखा कार्यक्रम, तिलगंगा आँखा प्रतिष्ठान, जिल्ला सामुदायिक आँखा केन्द्र, सिन्धुपाल्चोकको काम, कर्तब्य र अधिकारः-** सामुदायिक आँखा केन्द्रका कार्यक्षेत्रहरु तपशिल अनुसारको रहने छ :

क. केन्द्र स्थापना गर्न एकपटकको लागि आवश्यक पर्ने सामाग्री (Equipment) को ब्यवस्था गर्ने ।

ख. केन्द्र स्थापना गर्नको लागि प्राविधिक सहयोग गर्ने ।

ग. केन्द्रले लिने सेवा शुल्कहरु निर्धारण गर्दा ब्यवस्थापन समितिलाई आवश्यक सहजिकरण गर्ने ।

घ. केन्द्रको दैनिक गतिविधि (प्रशासनिक तथा आर्थिक) तथा लेखा परीक्षणबाट प्राप्त रिर्पोटको अनुगमन र मुल्याङकन गर्ने ।

ङ. केन्द्रको चश्मा, औषधी तथा अन्य सामाग्री खरिद गर्दा सोको आपुर्तिको सहजिकरण गर्ने ।

च. आवश्यक स्थानहरुमा बाह्य कार्यक्रमहरु सञ्चालन गर्ने ।

छ. केन्द्रको सेवा तथा कर्मचारीहरुको स्तर वृद्धिको लागि आवश्यक सहजिकरण गर्ने ।

ज. कार्यक्रमको निरीक्षण, अनुगमन तथा मूल्याङकन गर्ने ।

ञ. आँखा स्वास्थ्य अवस्थाका वारेमा जानकारी दिन अनुसन्धानात्मक कार्यहरु सञ्चालन गर्ने ।

**१०. केन्द्रले गर्ने कार्यहरु :** देहाय अनुसारको कार्यहरु गर्ने छ :

क. सबै जनताको पहुँचमा पुऱ्याउन सर्वसुलभ मुल्यमा गुणस्तरीय आँखा स्वास्थ्य सेवा प्रदान गर्ने

ख. आँखा स्वास्थ्य सेवा कार्यक्रमलाई प्रवर्द्धन गर्न निरन्तर रुपमा समुदायको सहभागिता र सहकार्यलाई ग्राह्रयता दिने ।

ग. आँखा स्वास्थ्य सम्बन्धि विभिन्न कार्यक्रम सञ्चालन गर्ने ।

घ. आँखा स्वास्थ्य सेवालाई प्रभावकारी रुपमा सञ्चालन गर्न आँखा सेवा प्रदायक तथा नेपाल सरकारको स्वास्थ्य संस्थासंग समन्वय गर्ने ।

ङ. गुणस्तरीय आँखा स्वास्थ्य सेवालाई उच्च सेवातर्फ विस्तार गर्दै लाने ।

च. केन्द्रमा भईरहेको प्रगति विवरण आवश्यकतानुसार मासिक, त्रैमासिक, अर्ध-वार्षिक तथा वार्षिक रुपमा सम्वन्धित संस्थाहरुमा पठाउने ।

**१०.१. आँखा केन्द्रमा उपलब्ध हुने आँखा स्वास्थ्य सेवाहरु :**

क. विरामीको दृष्टि तथा चश्मा जाँच

ख. विरामीको आँखा सम्बन्धी रोगहरुको परीक्षण तथा उपचार

ग. आँखाको सामान्य शल्यक्रिया

घ. सर्बसुलभ मुल्यमा औषधी तथा चश्माको बिक्री वितरण

ङ. जटिल समस्या भएका बिरामीहरुलाई थप सेवाको लागि नजिकको सुविधा सम्पन्न आँखा अस्पतालमा रेफर गर्ने

च. आँखा रोग सम्बन्धी आकस्मिक सेवा प्रदान गर्ने

**१०.२. अन्य सेवाहरु :** ईन्द्रावती ग्रामिण आँखा केन्द्रले नेपाल आँखा कार्यक्रम, तिलगंगा आँखा प्रतिष्ठान, जिल्ला सामुदायिक आँखा केन्द्र, सिन्धुपाल तथा अन्य संघ संस्थाहरुसंग समन्वय गरी तपशील अनुसारको कार्यक्रमहरु सञ्चालन गर्नेछ :

क. आँखा उपचार सेवाको पहुँच नपुगेको ठाउँहरुमा आँखा शिविर सञ्चालन गर्ने ।

ख. विद्यालयहरुमा आँखा परीक्षण तथा आँखा स्वास्थ्य शिक्षा कार्यक्रम गर्ने ।
ग. विभिन्न माध्यमहरुबाट आँखा सम्बन्धी जनचेतनामुलक कार्यक्रम गर्ने ।
घ. समुदायमा आधारित स्वास्थ्य तथा अन्य सहकर्मीहरुलाई आँखा सम्बन्धी जनचेतना तथा क्षमता अभिवृद्धि गर्ने कार्यक्रम सञ्चालन गर्ने ।
ङ. नेपाल आँखा कार्यक्रम, तिलगंगा आँखा प्रतिष्ठान, जिल्ला सामुदायिक आँखा केन्द्रहरुबाट लागु हुने आँखा स्वास्थ्य सम्बन्धी विभिन्न परियोजनाहरु सञ्चालन तथा समन्वय गर्ने ।

**११. आर्थिक कारोवार :**

(क) आँखा केन्द्रको आर्थिक कारोवार बैंक मार्फत हुने छ ।
(ख) यस केन्द्रको आफ्नो छुट्टै बैंक खाता हुने छ ।
(ग) केन्द्रको बैंक खाता सञ्चालन तथा ब्यवस्थापन समितिको अध्यक्ष, जिल्ला सामुदायिक आँखा केन्द्र, सिन्धुपाल्चोक इन्चार्ज र आंखा केन्द्र इर्न्चाजको सयूक्त दस्तखतबाट अध्यक्षको अनिवार्य हस्ताक्षरमा आर्थिक कारोवार हुने गरि बैंक खाता सञ्चालन हुने छ ।
(घ) बैंक खातामा आन्तरिक सेवाहरु तथा बाह्य निकायहरुबाट संकलित रकम जम्मा हुने छ ।
(ड) केन्द्रमा दैनिक प्राप्त भएको नगद विशेष परिस्थिति बाहेक नगद प्राप्त भएको बढिमा २ दिन भित्र कार्यलय समयमा बैंक दाखिला गर्नु पर्ने छ ।
(च) केन्द्रमा आँखा जाँचको लागि आउने विरामीहरुलाई विरामी दर्ता शुल्कबापत लिईने दर्ता शुल्क सञ्चालन तथा ब्यवस्थापन समितिको निर्णय अनुसार हुनेछ ।
(ज) आँखा जाँच पछि प्रदान गरिने चश्मा तिलगंगा आँखा प्रतिष्ठान, जिल्ला सामुदायिक आँखा केन्द्र, सिन्धुपाल्चोकले तोकेको मुल्यमा बिक्रि गर्नु पर्ने छ र विक्रिमा तोकेको मुल्यमा बढिमा १५ प्रतिशत सम्म छुट दिन सकिने छ ।

**.१२**. आवश्यक परेमा आँखा केन्द्र सञ्चालनमा आर्थिक सहयोग गर्ने संस्थाको नाम समेत उल्लेख गर्न सकिनेछ ।

**१३**. सञ्चालन तथा ब्यवस्थापन समितिले आँखा केन्द्रको गतिविधि तथा कार्यक्रमहरुको आवश्यक समन्वय जिल्ला सामुदायिक आँखा केन्द्र,

सिन्धुपाल्चोक र नेपाल आँखा कार्यक्रम, तिलगंगा आँखा प्रतिष्ठानको बाह्य कार्यक्रम विभागसँगको समन्वय तथा सहकार्यवाट गर्ने छ ।

१४. सरोकारवाला निकाय (Stakeholder) हरुबीच वार्षिक कार्ययोजना र प्रगति विवरणबारे गोष्ठी गरिनेछ ।

१५. आँखा केन्द्र सञ्चालनमा माथि उल्लेखित भन्दा बाहेक अन्य कार्य गर्नु परेमा नेपाल आँखा कार्यक्रम, तिलगंगा आँखा प्रतिष्ठान, बाह्य कार्यक्रम विभागको समन्वय र आँखा केन्द्र सञ्चालन तथा व्यवस्थापन समितिको सिफारिसमा इन्द्रावती गाँउपालिकाको कार्यपालिकाको बैठकले कार्यविधि आवश्यकत्ता अनुसार सम्सोधन गर्न सक्ने छ ।

१६. सम्झौतामा उल्लेखहुने सम्पुर्ण सहमति कर्त्ताहरुले आफ्नो जिम्बेवारी निर्बाह गर्नु पर्ने छ । यदी कुनै कारणबंश कुनै पक्षले आफ्नो जिम्बेवारी बहन नगरेमा सोबाट पर्न जाने क्षतिपुर्ति सोहि पक्षबाट असुल उपर गरिने छ साथै सम्झौतामा उल्लेखित भौतिक सामाग्रीहरु सबै पक्षको सहमतिमा यसै गाँउपालिकाले आँखा स्वास्थ्य सेवा प्रदान गर्न प्रयोग गर्नु पर्ने छ ।

प्रमाणिकरण मिति २०७९।०९।०७

आज्ञाले,
राम प्रसाद शर्मा
प्रमुख प्रशासकीय अधिकृत